# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको तेऱ्हौं वार्षिक साधारण सभामा भएका काम कारबाहीका विवरण तथा निर्णयहरु

**१. वैधानिक सभा :**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८ कार्तिक ४ गते बिहिबारका दिन बसेको संचालक समितिको २२५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थाको तेऱ्हौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय बमोजिमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** :- २०७८ कार्तिक २७ गते शनिबार (तदनुसार १३ नोभेम्बर २०२१ ई.सं.)

**समय** :- बिहान ११.०० बजे

**स्थान** :- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौं ।

**२. उपस्थिति,**

**क) संचालकहरुको उपस्थिति :**

| क.सं. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह | २४,४६० |
| २ | श्री होम कान्त चौंलागाई | संचालक | संस्थापक समुह | ३०,२५८ |
| ३ | श्री राम बाबु सिलवाल | संचालक | संस्थापक समुह | २०,३३७ |
| ४ | श्री राम चन्द्र बन्जाडे | संचालक | सर्वसाधारण समुह | २२,९२२ |
| ५ | श्री भूपति राज पाण्डे | संचालक | सर्वसाधारण समुह | १०,५६० |
| ६ | श्री गोकुल न्यौपाने | संचालक | सर्वसाधारण समुह | २,१६० |
| ७ | श्री बिजया बस्नेत क्षेत्री | संचालक | स्वतन्त्र | - |

**नोट** :- स्वतन्त्र संचालक श्री बिजया बस्नेत क्षेत्री ज्यू विशेष कारणवस जानकारी दिएर अनुपस्थित रहनु भएको ।

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री उदय राज खतिवडा | प्रमुख कार्यकारी अधिकृत | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री कमल प्रसाद नेपाल | नि. प्रमुख कार्यकारी अधिकृत | प्रतिनिधि, एनएमबी क्यापीटल लि. |
| ३ | श्री विमल पाण्डे | संचालक | गरिमा बिकास बैंक लि. |
| ४ | श्री कृष्ण हरि खत्री | संचालक | समिट लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री विश्व राज नेपाल | संचालक | कालिका लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री तुलसी प्रसाद बराल | संचालक | रिलायन्स फाईनान्स लि. |
| ७ | श्री सन्तोष लम्साल | बाह्य लेखा परीक्षक | पी.एल.आर.जी एशोसियट्स |
| ८ | श्री रोशन सुवेदी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

| | | | |
|---|---|---|---|
| ९ | श्री त्रि विक्रम पाण्डे | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| १० | श्री प्रकाश पन्त | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ११ | श्री नीर बहादुर पाखेन | निर्वाचन अधिकृत | अधिवक्ता |

**ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :**

| क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | प्रमुख कार्यकारी अधिकृत | |
| २ | श्री समीर राज जोशी | नायब कार्यकारी प्रमुख | |
| ३ | श्री मधुसुदन अधिकारी | सहायक प्रबन्धक | |
| ४ | श्री मधुसुदन पन्त | वरिष्ठ अधिकृत | |
| ५ | श्री गोपाल राज विष्ट | सहायक प्रबन्धक | सदस्य सचिव |

**३. सभाको वैधानिकता :**

**क) सभाको बारेमा सार्वजनिक सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०७८/०७/०५ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७८/०७/०६ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०७८/०७/११ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना तथा प्रोक्सी फारमहरु यस वित्तीय संस्थाले सार्वजनिक गरी सकिएको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७८ कार्तिक ११ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम शेयरधनीहरुहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | १६१ | २२,३१,६०१.४७ | |
| २ | सर्वसाधारण शेयरधनीहरु | ८,४८२ | १८,८१,१९१.५० | |
| | जम्मा | ८,५५६ | ४१,१२,७९२.९७ | |

कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम

रहेको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट अवगत भयो । उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानून बमोजिम बोलाईएको हुँदा पूर्व सूचित प्रस्तावहरुमा छलफल गर्न मन्जुर गर्नुभयो ।

| जारी भएको कुल शेयर संख्या | शेयर संख्या ( संस्थापक समूह) | शेयर संख्या ( सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| ४१,१२,७९२.९७ | २२,३१,६०१.४७ | १८,८१,१९१.५० | ११९ | २६० | २३,११,१५१.०० | ५६.१९ |

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

**साधारण प्रस्तावहरु**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/०७९ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हाल बहालवाला लेखा परीक्षक श्री पि.एल.आर.जि एशोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तिन) जना संचालकहरुको निर्वाचन सम्बन्धमा ।

**विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु. ४१,१२,७९,२९७/- को २५% को दरले हुने रु. १०,२८,१९,८२४/- बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यस वित्तीय संस्थाले साविकको जनकपुर लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति गरी एकीकृत कारोबार प्रारम्भ भएको मिति २०७७/०६/२५ गतेपछि कारोबार भई कायम भएका नयाँ शेयरधनीहरु तथा थप खरीद गरेको शेयरको हकमा बोनस शेयरमा लाग्ने कर शेयरधनी स्वयम्ले तिर्नुपर्ने छ ।)

२) वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धमा ।

३) अध्यक्ष तथा सञ्चालकहरुको वैठक भत्ता संशोधन गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्ने परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।

५) प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।

६) विविध ।

**५. सभाको वैधानिकता, अध्यक्षता तथा उद्घाटन**

५.१) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघुवित्त वित्तीय संस्थाको तेन्हौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा शेयरधनीहरुको उपस्थिति तथा प्रतिनिधित्व ५० प्रतिशत भन्दा बढी भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानून अनुसार तथा वित्तीय संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२) कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको व्यहोरा कम्पनी सचिवले जानकारी गराए पछि बिहान ११:०० बजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षता तथा अन्य संचालकज्यूहरुको उपस्थितिमा तेन्हौं वार्षिक साधारण सभा शुरु भयो ।

५.३) सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण समाप्त भए पश्चात सभाको उद्घाटन सभाका अध्यक्ष तथा यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

५.४) अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भए पश्चात संचालक समितिका सदस्य श्री राम चन्द्र बन्जाडेज्यूले सभामा उपस्थित संम्पुर्ण शेयरधनीहरुलाई स्वागत मन्तब्य राख्नु भयो ।

**६. तेन्हौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत :**

तेन्हौं वार्षिक साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी

छलफलका लागि सभा समक्ष पेश गर्नु भयो । यस क्रममा आ.व. २०७७/७८ मा वित्तीय संस्थाले गरेको प्रगति तथा आ.व. २०७८/७९ को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा समेत संक्षेपमा प्रकाश पार्नु भयो ।

**७. अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

७.१ शेयरधनी **श्री डमरु वल्लभ घिमिरे**ज्यूले लगानीकर्ताले प्रतिफल खोज्ने बताउँदै यस सभाले सर्वसाधारण तर्फको संचालकको निर्वाचन पनि भएकोले सहमतिमा संचालकको छनौट गर्न अनुरोध गर्नु भयो । निर्वाचित हुने उम्मेदवार साथीहरुलाई अग्रिम शुभकामना दिनु भयो । यस्तो असहज परिस्थितिमा वित्तीय संस्थाले प्रदान गरेको प्रतिफल राम्रो रहेको भन्दै धन्यवाद दिनु भयो ।

**७.२** शेयरधनी **श्री उद्धव प्रसाद घिमिरे**ज्यूले मन्तब्य राख्दै यस्तो असहज परिस्थितिमा प्राप्त प्रतिफल राम्रो रहेको भन्दै धन्यवाद दिनु भयो । कम्पनी सचिवले निर्वाचनको समेत कार्यक्रम रहेकोले ५ मिनेट भित्र कुरा राख्न अनुरोध गरेकोमा आज समयको सिमा नलगाउन अनुरोध गर्दै आज शेयरधनीको दिन भएकोले समय लिएर बोल्न पाउनु पर्ने अनुरोध गर्नु भयो । कर्पोरेट कार्यालय काठमाण्डौ सार्न पाए राम्रो हुन्थ्यो । एफपिओ ल्याउन पाए राम्रो हुने, प्रतिस्पर्धा धेरै रहेकोले प्रतिफल दिन कठिनाई रहेको, प्रविधिमा ध्यान दिनु पर्ने, सफ्टवेयर राम्रो प्रयोग गर्नु पर्ने, अडिटका कमजोरी सुधार गर्नु पर्ने, वासलात राम्रो रहेको, राम्रो कम्पनी सँग मर्जर गर्दा राम्रो हुने तथा वार्षिक साधारण सभा ढिलो हुन गएकोले आगामी दिनमा समयमा नै गर्न सुझाव दिनु भयो । वित्तीय संस्थाको आयु सयौं सयौं वर्ष होस भनि शुभकामना दिनु भयो ।

**७.३** शेयरधनी **श्री शिव प्रसाद पौडेलज्यूले** मन्तब्य राख्दै २५% लाभांश दिनु भएकोमा धन्यवाद दिनु भयो । महिला संचालक किन अनुपस्थित रहनु भएको हो जानकारी दिनुहोस भनि भन्नु भयो । अध्यक्षज्यूले सारांशमा प्रतिवेदन प्रस्तुत गर्नु भएकोमा धन्यवाद भन्नु भयो । सर्वसाधारण तर्फको संचालकको निर्वाचन पनि भएकोले सहमतिमा संचालकको छनौट गर्न अनुरोध गर्नु भयो । जतातत‍ै स्वरोजगार सुन्न पाईयोस् । केन्द्रीय कार्यालयले आफ्नै भवन लिनु हुन अनुरोध गर्नु भयो ।

**७.४** शेयरधनी **श्री नरसिंह लाल चखुनज्यूले** मन्तब्य राख्दै २५% लाभांश दिनु भएकोमा धन्यवाद दिनु भयो । व्यवसाय विस्तारले नै लगानीकर्तालाई लाभांश दिन सकिने भएकोले लगानी वृद्धिमा जोड दिनुहोला । Balance sheet राम्रो छ । मानव संशाधनमा सकारात्मक सोच बढाउनु होला । शाखाहरु विस्तार गर्दा राम्रो हुने भएकोले त्यस तर्फ सोच्नु होला भनि सुझाव दिनु भयो ।

**७.५** शेयरधनी **श्री चन्द्र नारायण श्रेष्ठज्यूले** यस्तो महामारीको समयमा पनि **२५** प्रतिशत बोनश प्रदान गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । वार्षिक साधारण सभाको बुकमा मिति छुटेको जानकारी गराउनु भयो । ८, १० वर्षमा नभएको संस्थाको वृद्धि यस २ वर्षमा भएको छ । कोषको लागत बढी देखिएको ले घटाउन प्रयास गर्न सुझाव दिनु भयो ।



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

**७.६** शेयरधनी **श्री उदय राज खतिवडाज्यूले** संस्थाले राम्रो काम गरि रहेको छ र शेयर सदस्यलाई खुशी बनाएको छ। लघुवित्तलाई सामाजीक कार्यक्रम संग जोड्न सकेमा मात्र लघुवित्तको जीवन दीर्घजिवी हुने बताउनु भयो। लघुवित्तलाई व्यबसायिक सोच र सामाजिकता बोकेर अघि बढाउनु पर्ने बताउनु भयो। ग्रामीण भेगका विपन्न वर्गका महिलाहरुको श्रम र कमाईबाट किस्ता उठाउनु पर्दछ जुन काम असाध्यै गाह्रो रहेको र पिडादायक रहेको बताउनु भयो। नाफा कमाएर मात्र संस्थालाई अगाडि बढाउनु राम्रो नहुने समेत बताउनु भयो। इस्लामिक माइक्रोफाईनान्सको सिद्धान्तलाई ध्यानमा राखेर अगाडी बढ्न सके लघुवित्तको प्रगति हुने बताउनु भयो। Right Back ले संस्थालाई राम्रो गर्न सकोस भन्ने धारणा राख्नु भयो। ५ करोड रुपैयाँ ग्राहक संरक्षण कोषमा रहेको रकम र सामाजिक उत्तरदायित्व कोषमा रहेको रकम राम्रो सँग सदुपयोग गर्न सकेमा यसले राम्रो प्रभाव पार्ने बताउनु भयो। कार्यक्रमको गुणस्तरियतामा विशेष ध्यान पुऱ्याउन आग्रह गर्नु भयो। लघुवित्तका मापदण्ड पालन गरी कामलाई अगाडि बढाउन सुझाव दिनु भयो। खराब कर्जा बढ्दै गएकोले सो को व्यवस्थापन गर्नु पर्ने बताउनु भयो।

**८. सभामा शेयरधनीहरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :**

यसरी ६ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा सहभागी हुनु भई आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो। यसरी वहाँहरुले राख्नु भएको जिज्ञासा उपर यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह सुझावहरुलाई मनन गर्दै संस्थालाई अगाडि बढाउने बताउनु भयो। यसका साथै बक्ताहरुले उठाउनु भएका जिज्ञासा उपर बुँदागत रुपमा जवाफ दिनु भयो।

**९. सभाका निर्णयहरु :**

**साधारण प्रस्तावहरु उपर :**

१. यस वित्तीय संस्थाको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन सभाबाट पारित गरियो।

२. यस वित्तीय संस्थाको लेखा परीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचिहरु माथि छलफल गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा सो माथि छलफल गरी सर्वसम्मतिबाट पारित गरियो।

३. आ.व. २०७८/७९ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा श्री पी. एल. आर. जी. एशोसियट्स, चार्टड एकाउण्टेन्टस, अनामनगर काठमाण्डौ, लाई लेखा परीक्षकको रुपमा नियुक्ति गर्ने तथा वैधानिक लेखा परीक्षणको सम्पूर्ण कार्य (वार्षिक लेखा परीक्षण, कर लेखा परीक्षण, दफा ५१ र ७८ प्रमाणित लगायत आवश्यक अन्य कार्य समेत) को लागि सम्पूर्ण कर सहित रु. १,५०,०००/- (अक्षरुपी, एक लाख पचास हजार रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने निर्णय सभाबाट पारित गरियो।

४. यस वित्तीय संस्थाको सर्वसाधारण तर्फको प्रतिनिधित्व हुने गरी तपशिलमा उल्लेख गरिए अनुसार ३ जना संचालकहरु आगामी ४ वर्षको लागि (मिति २०८२ सालमा हुने वार्षिक साधारण सभा सम्मको लागि) निर्विरोध रुपमा निर्वाचित हुनु भएको व्यहोरा सभाबाट निर्णय गरियो ।

तपशिल

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | श्री कृष्ण बन्जाडे | जयनगर -२, कपिलबस्तु |
| २ | श्री समर ढकाल | शनिश्चरे-९, झापा |
| ३ | श्री तेज दत्त खकुराल | चैनपुर-२, धादिङ्ग |

**विशेष प्रस्तावहरु उपर :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ को मुनाफा तथा अन्य जगेडा कोषबाट चुक्ता पूँजीको आधारमा रु.४१,१२,७९,२९७/- (अक्षरुपी, एकचालीस करोड बाह्र लाख उनान्असी हजार दुई सय सन्तानब्बे रुपैयाँ मात्र) को २५% को दरले हुने रु. १०,२८,१९,८२४/- (अक्षरुपी, दश करोड अट्ठाईस लाख उन्नाईस हजार आठ सय चौवीस रुपैयाँ मात्र) बराबरको बोनस शेयर जारी गर्ने तथा यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई पछि पूर्ण अंक पुगेपछि दिने गरी छुट्टै राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरीयो । त्यसैगरी यस वित्तीय संस्थाले साविकको जनकपुर लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गरी एकीकृत कारोबार प्रारम्भ भएको मिति २०७७/०६/२५ गतेपछि कारोबार भई कायम भएका नयाँ शेयरधनीहरु तथा थप खरीद गरेको शेयरको हकमा बोनस शेयरमा लाग्ने कर शेयरधनी स्वयम्ले तिर्नुपर्ने व्यहोरा सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई जानकारी उपलब्ध गराईयो ।

२. यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धि प्रस्ताव सभामा प्रस्तुत गर्दा यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को "क", "ख" र "ग" अनुसार अधिकृत पूँजी १,००,००,००,००० /- (अक्षरुपी, एक अरब रुपैया मात्र), जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि (प्रस्तावित २५% प्रतिशत वोनस जारी) पछि रु. ५१,४०,९९,१२१/-(अक्षरुपी, एकाउन्न करोड चालीस लाख उनान्सय हजार एक सय एक्काईस रुपैया मात्र) हुने निर्णय सभाबाट पारीत गरियो । साथै यस सभाको निर्णय पश्चात वित्तीय संस्थाको प्रबन्धपत्रमा हुने आवश्यक संशोधनको तीन महले विवरण तपशिल बमोजिम पारीत गरी नियामक निकायमा पेश गर्ने निर्णय गरियो ।

३. अध्यक्षज्यू तथा सञ्चालकज्यूहरुको वैठक भत्ता संलग्न तीन महलेमा उल्लेख भए बमोजिम संशोधन गर्ने र सोही बमोजिम यस वित्तीय संस्थाको नियमावलीको नियम नं. ३२ को १ "क" मा संशोधन गर्ने प्रस्ताव सभाबाट पारित गरियो ।

४. यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding)

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवं प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सभामा गरे वमोजिम संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

५. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरवदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

६. विविध अन्तर्गत अन्य विषयहरु नरहेको हुँदा अध्यक्षज्यूबाट धन्यवाद सहित छलफलका सूचिहरु सकिएको जानकारी गराउनु भयो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

यस साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको तेह्रौं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनु हुँदै बार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.
स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.
बनेपा, २०६६
Banepa, 2009

**तपशिल :**

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली, २०६६ मा आवश्यक
संशोधनको लागि तेन्हौ वार्षिक साधारण सभामा प्रस्तावित संशोधनहरु

**तिन महले विवरण**

| क्र.सं. | विद्यमान व्यवस्था | संशोधन गर्नु पर्ने | कारण |
|---|---|---|---|
| १ | प्रबन्धपत्रको दफा ६, लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ ।<br>(क) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.५०,००,००,०००/- (अक्षरुपी, पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/-को दरले ५०,००,०००/- (पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | प्रबन्धपत्रको दफा ६, लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ ।<br>(क) लघुवित्त वित्तीय संस्थाको **अधिकृत पूँजी रु. १,००,००,००,०००/- (अक्षरुपी, एक अरब मात्र)** हुनेछ । सो पूँजीलाई प्रति शेयर **रु. १००/-को दरले १,००,००,०००/- (एक करोड)** कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | बोनश शेयर जारी गरे पश्चात पूँजी वृद्धि हुने भएकोले |
| | (ख) वित्तीय संस्थाको जारी पूँजी ४१,१२,७९,२९७/-(अक्षरुपी, एकचालीस करोड बाह्र लाख उनान्असी हजार दुई सय सन्तानब्बे रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको ४१,१२,७९२.९७ ( अक्षरुपी, एकचालीस लाख बाह्र हजार सात सय बयानब्बे दशमलव नौ सात) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (ख) लघुवित्त वित्तीय संस्थाको जारी पूँजी **५१,४०,९९,१२१/- (अक्षरुपी, एक्काउन्न करोड चालिस लाख उनान्सय हजार एक सय एक्काइस रुपैयाँ मात्र)** हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको **५१,४०,९९१.२१ ( अक्षरुपी, एक्काउन्न लाख चालिस हजार नौ सय एकानब्बे दशमलव दुई एक)** थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनश शेयर जारी गरे पश्चात पूँजी वृद्धि हुने भएकोले |
| | (ग) लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी ४१,१२,७९,२९७/- (अक्षरुपी, एकचालीस करोड बाह्र लाख उनान्असी हजार दुई सय सन्तानब्बे रुपैयाँ मात्र) हुनेछ । | (ग) लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी **५१,४०,९९,१२१/- (अक्षरुपी, एक्काउन्न करोड चालिस लाख उनान्सय हजार एक सय एक्काइस रुपैयाँ मात्र)** हुनेछ । | बोनश शेयर जारी गरे पश्चात पूँजी वृद्धि हुने भएकोले |
| २ | नियमावलीको नियम ३२ मा संचालकको भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br>१. संचालकले पाउने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ ।<br>(क) समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु. ६,०००/- र रु. ५,५००/- हुनेछ ।<br>संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैठकमा उपस्थित भए बापत संचालकलाई संचालक समिति सरह बैठक भत्ता प्रदान गरिनेछ । | नियमावलीको नियम ३२ मा संचालकको भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br>१. संचालकले पाउने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ ।<br>(क) समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः **रु. ८,०००/- र रु. ७,५००/-** हुनेछ ।<br>संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैठकमा उपस्थित भए वापत संचालकलाई संचालक समिति सरह बैठक भत्ता प्रदान गरिनेछ । | वर्तमान समयको बजार मुल्य अनुसार केहि वृद्धि गर्न प्रस्ताव गरिएको |

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.
स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.
बनेपा, २०६६
Banepa, 2009